# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ (संख्य ८) चावि.नपा श्रावण ६ गते २०८१ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-२
## शिक्षा नीति २०८१

**प्राक्कथन**

"दिगो विकासका लागि पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि र रोजगारः समृद्ध चामुण्डाबिन्द्रासैनी नगर निर्माणको मूल आधार" को लक्ष्य प्राप्तिका लागि नगरपालिकाले संघीय र प्रादेशिक कानूनसाग नबाझिने गरी साथै नेपालको संविधान, नेपालको राष्ट्रिय शिक्षा नीति २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को म्यान्डेट अनुरुप नगरपालिकाको समग्र शैक्षिक वातावरण व्यवस्थापनका लागि आवश्यक ठानी यो शिक्षा नीति तर्जुमा गरेको हो ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शैक्षिक क्षेत्रको सुशासन, पारदर्शिता र जवाफदेहिताले समग्र नगरपालिकाको कार्यलाई पनि सकारात्मक प्रभाव पार्दछ। नेपाल सरकारले जारी गरेका नीति, नियमावलीहरूलाई प्रमुख आधार बनाई शिक्षा क्षेत्रको व्यवस्थापनमा सकारात्मक प्रभाव पार्न विद्यालयहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले यो नीति ल्याइएको हो। यसले नगरपालिकाभित्रका शिक्षण संस्थाको विकास र समृद्धिका लागि सहयोग पुगाउने आशा हामीले लिएका छौं ।

यो शिक्षा नीति तपाईसामु पुऱ्याउनका लागि प्राविधिकरूपमा सहयोग गर्ने चामुण्डाबिन्द्रासैनी नगरपालिका नगर शिक्षा समिति, शिक्षा शाखा तथा अन्य बिषयगत शाखाहरू, प्रधानाध्यापकज्यूहरू, वि.व्य.स./ शि.अ.संघका अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, नगर बाल सञ्जालका प्रतिनिधि साथै आर्थिक तथा प्राविधिक सहयोगको लागि सेभ द चिल्ड्रेन, नेपाल र एभरेष्ट क्लब, दैलेखलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

चामुण्डाबिन्द्रासैनी नगरपालिका परिवार
असार २०८१

**खण्ड – क**

**१. पृष्ठभूमि**





सम्पूर्ण विकासको मेरुदण्डकारुपमा रहेको शिक्षाको विकासले नै देशको सर्वाङ्गिण विकासको प्रतिनिधित्व गर्दछ । जुन देशले शिक्षाको समयानुकुल विकास गर्न सक्दैन, त्यो देशको कुनैपनि विकास दिगो र न्यायोचित हुन सक्दैन । शिक्षाले व्यक्तिको समग्र पक्षको विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । यसर्थ, स्थानीय तह साथै राष्ट्रको आर्थिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको महत्वपूर्ण योगदान हुन्छ । स्थानीय तहको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षालाई सीपमूलक, वैज्ञानिक, समावेशी, जीवनोपयोगी, व्यावहारिक एवं गुणस्तरीय बनाउनु आजको आवश्यकता हो । यसका लागि गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुच स्थापित गर्नु आवश्यक छ ।

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आˆ नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेजस्ता मौलिक हकको प्रत्याभूति गरेको छायी हकको सुनिश्चितताका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति संविधानमा नै उल्लेख गरिएको छ ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रम नं. ८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको क्रम नं २ मा शिक्षा, खेलकुद र पत्र पत्रिकासम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ज)मा आधारभूत र माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी २३ वटा काम, कर्तव्य र अधिकार स्थानीय तहको हुने व्यवस्था गरेको छ ।

नेपालको संविधान, नेपालको राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, पन्ध्रौं योजनाले लिएको शिक्षा सम्बन्धी सोच, लक्ष्य, उद्देश्य तथा नीति, दिगो विकास लक्ष्य २०३०, चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षा ऐन २०७९ आदिले लिएको शिक्षा सम्बन्धी प्रावधानहरूलाई मूर्त रुप दिन साथै नगरपालिकाको शिक्षा क्षेत्रको मार्गदर्शक नीतिको आवश्यकता महसुस गरी चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षा नीति २०८१ तर्जुमा गरिएको हो । विकासको मूल आधार नै शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक र न्यायोचित पहुच स्थापित गर्न महत्वपूर्ण योगदान गर्नेछ भनी चामुण्डाबिन्द्रासैनी नगरपालिकाको मार्गदर्शक नीतिका रुपमा यो नीति निर्माण गरिएको हो।

२. वर्तमान अवस्था

"चामुण्डाबिन्द्रासैनी नगरपालिका" स्थानीय तहको पुर्नसंरचना हुादा, साविकका चामुण्डा, जम्बुकाध र ल्याटीबिन्द्रासैनी गाउा विकास समितिहरूलाई समावेश गरी २०७३ फागुन २७ गते विधिवत रुपमा स्थापना भएको हो । यस नगरपालिकाको नामाकरण साविकको चामुण्डा गा.वि.स. र ल्याटीविन्द्रासैनी

गा.वि.स. को नामबाट गरिएको छ । यसको क्षेत्रफल ९०.६० वर्ग कि.मि. छ । समुन्द्री सतह देखि न्यूनतम ६०० मिटर र अधिकतम ३,००० मिटर सम्मको उचाइमा रहेको यो नगरपालिकाको सदरमुकाम १,३५० मिटरको उचाइमा जम्बुकाधमा रहेको छ । यस नगरपालिकाको कूल भू–भाग मध्ये १२,०५८ हेक्टर वनजंगल र ३,७४५ हेक्टर क्षेत्रफल खेति योग्य जमिनले ओगटेको छ ।

यो नगरपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लामा रहेको छ । यस नगरपालिकाको पूर्वमा भैरवी गाउपालिका र दूल्लु नगरपालिका, पश्चिममा आठबीस नगरपालिका र ठाटिकाध गाउपालिका, उत्तरमा ठाटिकाध गाउपालिका र दक्षिणमा दुल्लु नगरपालिका र अछाम जिल्ला पर्दछन् । भौगोलिक स्वरुप अनुसार यो नगरपालिका उत्तर दक्षिण भएर फैलिएको छ । पूर्वमा पर्ने देउगाड खोला, पश्चिममा पर्ने रामगाड खोला र दक्षिणमा अविरल वगिरहेको कर्णाली नदी यस नगरपालिकाका ठूला जल सम्पदाहरू हुन् ।

दैलेख जिल्ला विभिन्न जातजातिहरूको उद्गम स्थलको रुपमा रहेको कुरा इतिहासकारहरूले व्याख्या गरेका छन् । यो नगरपालिका पनि दैलेख जिल्लाका एघार वटा स्थानीय तह मध्येको एक जातीय विविधता युक्त नगरपालिका हो । यस नगरपालिकामा वाहुन, ठकुरी, क्षेत्री, जनजाती, दलित, दशनामी आदि जातजातीहरूको मुख्य बसोबास रहेको छ ।

बिन्द्रासैनी देवीको मन्दिर, चामुण्डा देवीको मन्दिर, दक्षिण भेगमा अवस्थित स्वामिकार्तिकको मन्दिर, पूर्वी भेगमा अवस्थित पवित्र पञ्चकोशी तीर्थस्थल अन्तर्गतको पादुकास्थान र भैरवी, वडा नं. ३ मा रहेको भैरव मन्दिर वडा नं. ७ को मन्दिर, वडा नं. ५ को खापरथान मन्दिर, वडा नं. ७ मा रहेको देवती र पूर्णामाला मन्दिर यहााका महत्वपूर्ण धार्मिक स्थलहरू हुन् ।

यस नगरपालिकामा बसोबास गर्ने बहुसंख्यक जातजातिहरू हिन्दु धर्म मान्ने गर्दछन् भने वौद्ध धर्मालम्बीहरूको पनि यस नगरपालिकामा बाहुल्यता रहेको छ । पादुकाखोला, डौसुर, बिन्द्रासैनी, विशालबजार, भोटेको चौतारा शान्तिबजार, जम्बुकाध, लैनचौर, थर्कुवाले वनाडा, वुडेली, हाडाकोट, मटेला, चाल्नेचौतारा, पालेताडा, पुनडााडा, पुलबजार आदि यस नगरपालिका भित्रका प्रमुख व्यापारिक स्थलहरू हुन् । यहाा विभिन्न किसिमका कृषि जन्य वस्तुहरू उत्पादन भइरहेका छन् । यो नगरपालिका विविध भौगोलिक बनावट युक्त भएकोले यहाा विभिन्न किसिमका कृषि वस्तुहरू उत्पादनको सम्भावना रहेको छ

२०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या २६,५५९ रहेको छ, जसमध्ये महिलाको जनसंख्या १३,१७९ र पुरुषको जनसंख्या १३,३८० रहेको छ साथै जम्मा घरधुरी ५,११३ रहेका छन् ।

मुलुकमा स्थानीय तहको संरचना निर्माण पूर्ण भई स्थानीय तहले स्थानीय सरकारको प्रतिनिधित्व गर्न तथा भावी कार्यदिशा तय गर्नका लागि नगरपालिकाको भौतिक पूर्वाधारको अवस्था, सामाजिक, सास्कृतिक विकासको अवस्था, वन तथा विपद् व्यवस्थापनको व्यवस्था, सुशासन र सेवा प्रवाहको अवस्थाका तथ्याक्तहरू अद्यावधिक गर्न जरुरी रहेको छ । नगरपालिका भित्रका बहुआयामिक क्षेत्रहरूको विश्लेषण गरी नगरपालिकाको अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन आवधिक नीति तथा योजनाहरू पनि तय गर्नुपर्ने आवश्यकता रहको छ ।

शैक्षिक क्षेत्रको हकमा चामुण्डाविन्द्रासैनी नगरपालिकाभित्र ४२ वटा आधारभूत, १२ वटा माध्यमिक गरी ५४ ओटा सामुदायिक, ५ ओटा संस्थागत आधारभूत विद्यालय, र १ ओटा क्याम्पस गरी जम्मा ७० वटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन ।५४ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा





आधारित बालविकास केन्द्रहरूका अतिरिक्त १० वटा समुदायमा आधारित बालविकास केन्द्रहरू गरी जम्मा ६९ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् ।यसैगरी यस नगरपालिकामा सामुदायिक सिकाइ केन्द्रहरू पनि सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा ६२, निम्न माध्यमिक तहमा ५, माध्यमिक तहमा ७, उच्च माध्यमिक तहमा २ गरी कुल ७६ स्वीकृत दरबन्दी, प्राथमिक तहमा ४१, निम्न माध्यमिक तहमा १६, माध्यमिक तहमा ९ गरी कुल ६६ राहत तथा उच्च माध्यमिक तहमा ५ शिक्षक अनुदान गरी कुल ७१ कार्यरत छन् भने हाल २०८१ बैशाख पश्चात निम्न माध्यमिक तहमा ६ र माध्यमिक तहमा ३ जना संघबाट शिक्षण सहयोगको रुपमा थप गरिएको छ।

त्यसैगरी प्रत्येक विद्यालयमा संस्थागत वालविकास २४ र नगर वालविकास ४१ समेत अन्यमा कम्तीमा १ जना हुनेगरी कुल ६९ जना भन्दा बढी प्रारम्भिक बालविकास शिक्षक वा सहजकर्ताहरू सेवारत छन्। यस नगरपालिकामा २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । नगरपालिका करार शिक्षकको हकमा प्राथमिक तहमा ४७, निम्न माध्यमिक तहमा २७ र माध्यमिक तहमा ३ जना कार्यरत छन्।साथै ५३ वटा विद्यालय सहयोगी (कार्यलय सहयोगी) र ११ वटा विद्यालय सहायक कर्मचारी (लेखा) को व्यवस्थापन नगरपालिकाबाट भैरहेको छ।

### ३. समस्या र चुनौतीहरू

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षा व्यवस्था वा प्रणालीले हासिल गरेका थुप्रै उपलब्धिको साथसाथै केही थप नयाा चुनौती र समस्या हाम्रा सामु विद्यमान छन् । चामुण्डाबिन्द्रासैनीको शिक्षामा मुलतः प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम हुनु, बालविकासका शिक्षकहरूको क्षमता र सुविधा न्यून हुनु, शिक्षक संख्यामा कमि हुनु, आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू अझै विद्यालय भर्ना भै नसक्नु, विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु, माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, शिक्षा र रोजगारीबिच तालमेल हुन नसक्नु, शिक्षित बेरोजगारहरूको संख्या बढ्दै जानु, सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिरै रहिरहनु, शैक्षिक सुशासन कायम हुन नसक्नु, उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु, शिक्षामा पर्याप्त लगानी नहुनु, सिकाइ उपलब्धि अपेक्षित रूपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहाच विस्तार पर्याप्त मात्रामा हुन नसक्नु, सेवाप्रवाह प्रणाली जनमैत्री नहुनु, शिक्षकको पेशागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु, सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू सेवाभन्दा नाफाउन्मुख हुनु जस्ता समस्याहरू नेपालको शिक्षा प्रणालीले भोगिरहेका जस्तै प्रमुख सवालहरू हुन् ।

सार्वजनिक शिक्षामा गुणस्तर अभिबृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरूबिच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु, शिक्षा र रोजगारीबिच तालमेल कायम गर्नु, प्रतिभा पलायन रोक्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नु शिक्षा क्षेत्रका अहिलेका प्रमुख चुनौतीहरू हुन् ।

### ४. शिक्षा नीतिको आवश्यकता

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाााडफाााड, मुलुकको आर्थिक सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, राष्ट्रिय विकासका आवधिक योजनाको आधारपत्र साथै अन्तराष्ट्रिय मानवाधिकार, बालअधिकार लगायतका सामाजिक न्याय सम्बन्धी महासन्धि र प्रतिबद्धताहरू लगायतका विश्वव्यापी परिवेशहरू र सन्

२०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा स्तरोन्नति गर्ने राष्ट्रिय सक्तल्प नै नयाा शिक्षा नीति तर्जुमाका मूल आधार हुन्।

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यतिको आधारभूत मौलिक हकलाई कार्यान्वयन गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुाच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन तथा विद्यालय शिक्षाको व्यवस्थापकीय पक्षलाई सुदृढीकरण गर्न यो नयाा शिक्षा नीति आवश्यक परेको हो । संघीय ढााचा अनुरुप नगरपालिकामा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी नागरिकको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि साथै राष्ट्रिय एवं स्थानीय अठोटलाई व्यवहारमा उतार्न समयानुकूल शिक्षा नीतिको तर्जुमा गर्नुपरेको हो।

**खण्ड – ख**

**५. दूरदृष्टि**

“गुणस्तरीय, प्रविधिमैत्री तथा सीपमूलक व्यवहारिक शिक्षा, चामुडाबिन्द्रासैनी नगरपालिकाको इच्छा ।“

**६. लक्ष्य**

गुणस्तरीय, प्रविधिमैत्री तथा सीपमूलक व्यवहारिक शिक्षा प्रदान गर्दै चामुडाबिन्द्रासैनी नगरपालिकालाई समृद्ध बनाउने ।

**७. उद्देश्य**

७.१ बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रीत प्रारम्भिक बालविकास तथा शिक्षालाई प्रभावकारी बनाउनु ।

७.२ आधारभूत तहमा विद्यालय सेवा क्षेत्रभित्र रहेका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा भिकाउनु, सिकाउनु र टिकाउनु ।

७.३ माध्यमिक तहमा मानवीय मूल्यमान्यता, संस्कारयुक्त र सकारात्मक सोच सहितको जीवनोपयोगी सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्नु ।

७.४ बदलिदो विश्व परिवेशसाग प्रतिस्पर्धा गर्दै कामको संसारमा प्रवेश गर्न अनुकूल जनशक्ति उत्पादन गर्नु ।

७.५ प्राविधिक तथा व्यवासायिक शिक्षामा जोड दिई उत्पादनमूलक र उद्यमशिल जनशक्ति उत्पादन गर्नु।

७.६ विज्ञान, प्रविधि, ईन्जिनियरिङ, कला र गणितको एकीकृत ज्ञानले सुशोभित गर्दै दैनिक जीवनमा आइपर्ने समस्याको समाधान गर्नसक्ने जनशक्ति तयार गर्नु ।

७.७ समावेशी तथा समतामूलक शिक्षा नीतिलाई अवलम्बन गर्दै फरक क्षमता भएका बालबालिकालाई आत्मसम्मान सहितको शिक्षा प्रदान गर्नु ।

७.८ स्थानीय सभ्यता, संस्कृति र मौलिक परम्पराको संरक्षण गर्दै आफ्नो मौलिकतामा गौरव गर्ने जनशक्ति तयार गर्नु ।

७.९ जलवायु परिवर्तन साथै अन्य विपदले सिर्जना गरेका समस्यासाग अनुकूल हुन सक्ने जनशक्ति तयार गर्दै सुरक्षित विद्यालय स्थापना गर्नु ।

७.१० बालमैत्री नमूना विद्यालय निर्माणमा समुदाय र अभिभावक (सरोकारवाला) को अपनत्व हुनेगरी सहभागिता सुनिश्चित गर्नु ।

७.११ सबै नागरिकलाई साक्षर बनाई चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई पूर्ण साक्षर बनाउन सरोकारवालासाग समन्वय र सहकार्य गर्नु।





**खण्ड – ग**

**८. नीति**

८.१ उपयुक्त पूर्वाधार सहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकास केन्द्रको न्यायोचित वितरण तथा विस्तार गर्ने ।(७.१)

८.२ स्थानीय सरकार र विकास साझेदार संघसंस्थाहरूको समन्वयमा ४ वर्ष उमेर समूहका बालबालिकाहरूको लागि सुविधा सम्पन्न बालविकासको अवसर प्रदान गर्ने ।(७.१)

८.३ आधारभूत तहमा विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना गराउने साथै बालमैत्री वातावरणमा सिकारु केन्द्रीत सिकाइमा जोड दिने ।(७.२)

८.४ विद्यार्थीलाई जीवन, जगत, संस्कार, संस्कृति एवं मानवीय मूल्य बुझ्न परियोजना कार्यमा आधारित सिकाइलाई प्रवर्द्दन गर्ने।(७.३)

८.५ शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै विश्वपरिवेश अनुरुप हुने गरी शिक्षालाई खोज एवं अनुसन्धानमूखी बनाउने ।(७.४)

८.६ समय सापेक्ष प्राविधिक तथा व्यवसायीक शिक्षा एवं तालिम प्रदान गर्ने ।(७.५)

८.७ विद्यार्थीमा वैज्ञानिक, सिर्जनात्मक, समालोचनात्मक सीपको विकास गर्न शिक्षामा प्रविधिमैत्री एभमबनयनथ अवलम्बन गर्ने । (७.६)

८.८ अपाङ्गता भएका तथा विभिन्न कारणले सिकाइमा समस्या भएका बालबालिकाको क्षमता विकासका निमित्त विशेष तथा समावेशी शिक्षाको व्यवस्था गर्ने।(७.७)

८.९ स्थानीय पाठ्यक्रम (तयार भैसकेको) अनुसारका पाठ्यवस्तु तयार गरी पठनपाठन सञ्चालन गर्ने । (७.८)

८.१० विद्यालय शिक्षामा जलवायु परिवर्तन तथा अन्य विपद् जोखिमबाट सिर्जित समस्यामा अनुकूल हुनसक्ने व्यवहारिक सीपको विकास गर्ने ।(७.९)

८.११ सामुदायिक विद्यालयमा समुदाय र अभिभावकको धेरैभन्दा धेरै सहभागिता सुनिश्चित गरी अपनत्व बढाउने ।(७.१०)

८.१२ संस्थागत र निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउने ।(७.१०)

८.१३ चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई पुर्ण साक्षर बनाउन सरोकारवालासाग समन्वय र सहकार्य गर्ने। (७.११)

८.१४ निरक्षर टोल बस्ती पहिचान गरी सघन साक्षरता कक्षा सञ्चालन गर्ने ।(७.११)

**९. रणनीति तथा कार्यनीतिहरू**

क) प्रारम्भिक बालविकास तथा शिक्षा

रणनीति ९.१ बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गर्ने साथै सामुदायिक बालविकास केन्द्रको वितरण र विस्तारकालागि स्थानीय सरोकारवालासाग सहजीकरण गर्ने ।

९.१.१ चार वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा स्थानीय सरकारको सहयोग र सहकार्यमा समुदाय र अभिभावकहरुको साझेदारीमा एक वर्षे प्रारम्भिक बालविकास कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

९.१.२ गर्भावस्थादेखि नै बालबालिकाको वौद्धिक विकास हुने, स्वास्थ्य तथा पोषण, सकारात्मक अभिभावकत्वको विषय, परम्परागत तर वैज्ञानिक बाल स्याहार व्यवहारहरू संरक्षण, सम्वर्द्धन साथै सर्वाङ्गिण विकासका निमित्त अभिभावकलाई उत्प्रेरित गर्न शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षा लगायतका निकायहरू र वडा समितिको संलग्नतामा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

९.१.३ स्थानीय तहले निर्धारण गरेका मापदण्डहरू पुरा गरेका प्रारम्भिक बालविकास केन्द्रहरूलाई नमुना

बालविकास केन्द्रको रुपमा घोषणा गरिनेछ ।

९.१.४ स्थानीय सरकार, समुदाय र गैरसरकारी संस्थाको साझेदारीमा प्रत्येक टोलमा बालबालिकाहरूका लागि खेल्ने र मनोरञ्जन गर्ने सामग्री सहितको बालउद्यान (Children Park) निर्माण गरिनेछ ।

९.१.५ चामुण्डाबिन्द्रासैनीमा सञ्चालित प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका लागि विद्यार्थी संख्याका आधारमा आवश्यक शिक्षक वा सहजकर्ताको व्यवस्थापन गरिनेछ ।

९.१.६ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षक वा सहजकर्ताका लागि क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।

९.१.७ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षक वा सहजकर्ताहरुको सञ्जाल निर्माण गरी अनुभव आदानप्रदानको लागि घुम्ती बैठक सञ्चालन गरिनेछ ।

९.१.८ प्रारम्भिक बालविकास सहजकर्ताको कार्यसम्पादन मूल्याङ्कनको आधारमा प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गरिनेछ ।

९.१.९ प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको सर्वाङ्गिण विकासमा टेवा दिने खालका आवश्यक सामग्रीहरू व्यवस्था गरिनेछ ।

९.१.१० बालविकास कक्षा तथा बालविकास केन्द्रहरूको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

९.१.११ प्रत्येक बालविकास कक्षा तथा बालविकास केन्द्रहरूमा बालबालिकाहरूलाई दिवा खाजामा स्थानीयस्तरमा उत्पादित पोषणयुक्त आहार नियमित रुपमा प्रदान गरिनेछ ।

९.१.१२ समुदायमा दिवा स्याहार केन्द्रहरूको स्थापनाका लागि पहल गरिनेछ ।

ख) अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा

रणनीति ९.२ आधारभूत तहका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई भर्ना गराउन र बालमैत्री सिकाइ वातावरण तयार गर्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

९.२.१ स्थानीय सरकार र विद्यालयको सहकार्यमा शैक्षिक सत्रको शुरुमै विद्यार्थी भर्ना अभियान सञ्चालन गरी आधारभूत तह विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा ल्याइने व्यवस्था गरिनेछ ।

९.२.२ विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना नगरेमा कानून बमोजिम दण्डितहुने कुरा अभिभावकलाई बुझाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९.२.३ जोखिममा परेका र विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि आवासीय विद्यालयको सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

९.२.४ सबै बालबालिकालाई नजिकको पायक पर्ने विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।

९.२.५ विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन प्रोत्साहन स्वरुप छात्रवृत्तिको व्यावस्था गरिनेछ ।

९.२.६ आधारभूत तहमा अनिवार्य नेपाली भाषालाई पढाईको माध्यम बनाईने छ साथै समुदायको आवश्यकतालाई हेरी विभिन्न बिषयलाई अंग्रेजी भाषामा पठन पाठन गर्न सकिने व्यावस्था गरिनेछ ।

९.२.७ विद्यार्थीका लागि दिवा खाजा कार्यक्रममा स्थानीयरुपमा उत्पादित पोषणयुक्त आहारमा जोड दिइ आवश्यक व्यवस्थापन सहित निरन्तरता दिइनेछ ।

९.२.८ आधारभूत तहको परीक्षा सञ्चालन, व्यावस्थापन, मूल्याङ्कन, नतिजा प्रकाशन र प्रमाणीकरण जस्ता कार्य स्थानीय तहले गर्नेछ ।साथै आवश्यकता हेरी परीक्षा सम्बन्धी कार्यहरू सञ्चालन गर्ने जिम्मेवारी विद्यालयलाई पनि दिन सकिनेछ ।

९.२.९ आधारभूत विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रियामा थप सुधार गरी गुणस्तर अभिवृद्धि गरिनेछ ।

९.२.१० आधारभूत तहका विद्यालयहरुका लागि प्रयाप्त खेलकुद सामग्री र खेलकुद शिक्षकको प्रबन्ध गरी खेलकुद शिक्षकलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गरिनेछ ।

९.२.११ विद्यालयको सम्पूर्ण पक्षहरूको अनुगमन र मूल्याङ्कन गरी निश्चित मापदण्डका आधारमा नगरपालिका मध्येको एक नमुना आधारभूत विद्यालयको छनौट गरी थप कार्यक्रम सञ्चालन गरिनेछ ।





९.२.१२ कामको लागि मौसमी बसाइसराइ गर्ने अभिभावकका छोराछोरीको उनीहरू कामबाट नफर्कदासम्म विद्यालय निरन्तरताका लागि आवासीय विद्यालय स्थापनाको लागि आवश्यक पहल गरिनेछ।

ग) निशुल्क माध्यमिक शिक्षा

रणनीति ९.३ माध्यमिक विद्यालयको संरचनामा उपयुक्त पूर्वाधार सहितको विश्वपरिवेश अनुरुप शिक्षाको गुणस्तर वृद्धि गर्दै लाने ।

९.३.१ स्थानीय सरकार र विद्यालयको सहकार्यमा शैक्षिक सत्रको शुरुमै विद्यार्थी भर्ना अभियान सञ्चालन गरी माध्यामिक तह विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा ल्याइने व्यवस्था गरिनेछ ।

९.३.२ विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना नगरेमा कानून बमोजिम दण्डितहुने कुरा अभिभावकलाई बुझाउन अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।

९.३.३ जोखिममा परेका र विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि आवासीय विद्यालयको सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

९.३.४ सबै बालबालिकालाई नजिकको पायक पर्ने विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।

९.३.५ विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन प्रोत्साहन स्वरुप छात्रवृत्तिको व्यावस्था गरिनेछ।

९.३.६ निशुल्क माध्यमिक शिक्षामा सबैको पहुाच सुनिश्चित गर्न विविध उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

९.३.७ प्रत्येक माध्यमिक विद्यालयहरूका लागि प्रयाप्त खेलकुद सामग्री र खेलकुद शिक्षकको प्रबन्ध गरी खेलकुद शिक्षकलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गरिनेछ ।

९.३.८ माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार साथै शिक्षण सिकाइ प्रक्रियामा थप सुधार गरी गुणस्तर अभिवृद्धि गरिनेछ ।

९.३.९ विद्यार्थीलाई जीवन, जगत, संस्कार, संस्कृति एवं मानवीय मूल्य बुझ्न परियोजना कार्यमा आधारीत सिकाइलाई प्रवर्द्दन गर्ने व्यावस्था गरिनेछ ।

९.३.१० माध्यमिक तहमा अध्यापनरत विद्यार्थीका लागि पढ्दै, कमाउदै, सिक्दै जस्ता कार्यक्रम व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

९.३.११ विद्यालयको सम्पूर्ण पक्षहरूको अनुगमन र मूल्याङ्कन गरी निश्चित मापदण्डका आधारमा नगरपालिका भरिको एक नमुना माध्यमिक विद्यालयको छनौट गरी थप कार्यक्रम सञ्चालन गरिनेछ ।

घ) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम

रणनीति ९.४ प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सञ्चालन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकासका अवसरहरू उपलब्ध गराइनेछ ।

९.४.१ तोकिएको मापदण्ड, आवश्कता पहिचानका आधारमा थप प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप प्रदायक संस्थाको स्थापना र हाल सञ्चालित संस्थाको स्तरोन्नतिमा जोड दिइनेछ ।

९.४.२ विद्यार्थीहरूको रुचि, समुदायको आवश्यकताको आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको अवसर प्रदान गरिनेछ ।

९.४.३ प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका साथै पढ्दै कमाउदै जस्ता कार्यको पनि अवसर प्रदान गरिनेछ ।

९.४.४ प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्न चाहने व्यक्ति तथा संघ संस्थालाई नियमन र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

९.४.५ श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी माग अनुसार नयाा सीप, ज्ञान, प्रविधि विकास गर्ने कार्य कार्यक्रम सञ्चालन गरिनेछ ।

९.४.६ स्थानीय तहको आवश्यकता अनुसार विद्यमान सामुदायिक विद्यालयलाई प्राविधिक धारमा रुपान्तरण

गर्ने साथै सुदृढीकरण गरिनेछ ।

९.४.७ प्राविधक तथा व्यवसायिक शिक्षा सीप विकास सम्बन्धी सञ्चालित कार्यक्रमहरूको व्यवस्थापन, अनुगमन तथा मूल्याक्तन गर्ने व्यवस्था मिलाइनेछ ।

९.४.८ नगरपालिकास्तरमा बहुप्रविधिक शिक्षालय वा तालिम केन्द्र स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

९.४.९ नगरपालिकास्तरमा प्राविधिक जनशक्तिको उपलव्धतालाई सहज बनाउन प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कृषि, वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा, आयुर्वेद, पर्यटन, ईन्जिनियरिङ, जल विद्युत, नविकरणीय ऊर्जा लगायत विशिष्टिकृत विधामा उच्च प्राविधिक अध्ययन छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

ङ) विज्ञान तथा प्रविधि

रणनीति ९.५ विज्ञान तथा प्रविधि र गणित शिक्षालाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा विस्तार गर्ने।

९.५.१ स्थानीय तह भित्र विज्ञान तथा प्रविधिको उपयुक्त अध्ययनको अवसर विस्तार गरिनेछ ।साथै सामुदायिक विद्यालयहरूमा विज्ञान तथा प्रविधि र गणित प्रयोगशाला स्थापना तथा स्तरोन्नती गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

९.५.२ सामुदायिक विद्यालय मार्फत विज्ञान अभियान साथै विज्ञान प्रदर्शनी सञ्चालन गरिनेछ।

९.५.३ प्रारम्भिक तहबाटै विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM Education) सम्बन्धी बालबालिकाहरूको रुचि, सहभागिता र क्षमता विकास गर्न प्रोत्साहन गरिनेछ ।

९.५.४ विद्यालय भित्र वा बाहिर रहेका विज्ञान र प्रविधि सम्बन्धी विशेष प्रतिभा पहिचान गरी प्रतिभा विकासको लागि आवश्यक सहयोग गर्ने व्यवस्था गरिनेछ ।

९.५.५ मेरिटको आधारमा खोज अनुसन्धान तथा उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

च) समावेशी र विशेष शिक्षा

रणनीति ९.६ विभिन्न अपाङ्गता भएका तथा सिकाइमा पछाडि परेका बालबालिकाको आवश्यकता सम्बोधन हुने गरी समावेशी एवं विशेष शिक्षाको अवसर उपलब्ध गराउने ।

९.६.१ अपाङ्गता भएका बालबालिकाहरूको अवस्था हेरी सम्भभ भएसम्म अन्य बालबालिकासागै नियमित बसेर सिक्न पाउने पूर्ण समावेशी शिक्षाको व्यवस्था गरिनेछ ।

९.६.२ अपाङ्गता भएका बालबालिकाहरूको अवस्था हेरी जटिल प्रकृतिका अपाङ्गता भएकालाई छात्रावास सहितको विशेष कक्षा (स्रोत कक्षा) सञ्चालनको व्यावस्था मिलाईने छ ।

९.६.३ अपाङ्गता भएका बालबालिकाहरूलाई आत्म निर्भर बनाउनका लागि समय सापेक्ष, सुहाउदो सीप सिक्ने अवसर प्रदान गरिनेछ ।

९.६.४ समावेशी कक्षामा अध्ययन गर्ने अपाङ्गता भएका बालबालिकालाई उनीहरूको प्रकृति हेरी आवश्यक पर्ने सामग्रीहरू जस्तै व्हील चियर, सेतो छडी, ब्रेल पुस्तक, सांकेतिक चित्र पुस्तक आदिको उपयुक्त प्रबन्ध गरिने छ ।

९.६.५ सिकाइ सामग्री, सिकाइ प्रक्रिया तथा विद्यार्थी मूल्याक्तन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाइनेछ ।

९.६.६ दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछी परेका समुदाय, विशेष प्रतिभावान व्यक्तिको लागि पूर्ण वा आंशिक लगानी गरी शिक्षाको प्रवर्द्दन गर्ने व्यवस्था गरिनेछ ।

९.६.७ विद्यालयको नेतृत्वमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न क्षमता विकासमा जोड दिइनेछ ।

९.६.८ दलित, अपाता भएका व्यक्ति, आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछी परेका समुदायका





लागि प्राथमिकता दिदै स्टेशनरी, दिवा खाजा र पोशाक निशुल्क उपलब्ध गराउदै विद्यालय छोड्ने दरमा कमी ल्याइनेछ ।

९.६.९ छात्राहरूलाई उमेर र आवश्यकता अनुसार निशुल्क सेनीटरी प्याड र आइरन चक्की वितरणको लागि आवश्यक व्यवस्था गरिनेछ साथै परामर्श सेवा दिइनेछ ।

९.६.१० विद्यालयमा छात्राहरुका लागि अन्य संघसंस्थासाग सहकार्य गरी महिनावारी स्वच्छता व्यवस्थापन कुना (Menstruation Hygiene Management–MHM Corner) को व्यवस्था गरिनेछ ।

९.६.११ बहु अपाङ्गता भएका बालबालिकाका लागि घरमै विद्यालय कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था मिलाईने छ ।

छ) स्थानीय पाठ्यक्रम

रणनीति ९.७ स्थानीय पाठ्यक्रमक कार्यान्वयन गराउन आवश्यक व्यवस्थापन गर्ने ।

९.७.१ स्थानीय पाठ्यक्रम अन्तर्गतका पाठ्यवस्तु तयार गर्न एक विज्ञ समूह निर्माण गरिनेछ।

९.७.२ स्थानीय पाठ्यक्रम अन्तर्गतका पाठ्यवस्तु निर्माण गर्दा भाषा, परम्परा, स्थानीय कला र प्रविधि आदिलाई जोड दिईनेछ।

९.७.३ प्रत्येक शैक्षिक सत्रमा पाठ्यक्रम र पाठ्यवस्तुहरूको प्रवोधिकरण गर्दै कार्यान्वयनको अवस्थाको समीक्षा गरिनेछ ।

९.७.४ स्थानीय आवश्यकता र आवधिक रुपमा यो पाठ्यक्रमको परिमार्जन गरिनेछ।

ज) विपद् व्यवस्थापन र सुरक्षित विद्यालय

रणनीति ९.८ जलवायू परिवर्तन तथा अन्य विपद् जोखिमबाट सिर्जित समस्यासाग जुध्न वा अनुकूल हुनसक्ने व्यवहारिक सीपको विकास गर्ने ।

९.८.१ तोकिएको मापदण्डको आधारमा विद्यालयको भौतिक पूर्वाधारको स्तरोन्नती र नयाा निर्माण गरी विपद् जोखिम मुक्त बनाईनेछ ।

९.८.२ विद्यालय क्षेत्रमा न्यूनतम रुपमा स्वाच्छ खानेपानी, सुलभ शौचालय, सुरक्षित खेल मैदान, सरसफाईका सामग्री र प्राथमिक उपचार बाकस अनिवार्य गरिनेछ ।

९.९.३ विपद् जोखिमसाग सम्बन्धित विषयबस्तु सहजीकरण गर्दा व्यवहारिक रुपमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रुपमा सुरक्षित बनाइनेछ ।

९.९.४ सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाई सम्बन्धी आधारभुत ज्ञान, पुर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यवहारिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तथा आवश्यक सामग्रीहरू उपलब्ध गराइनेछ ।

९.८.५ विपदमा विद्यालय सञ्चालन हुन नसकेको अवस्थामा वैकल्पिक माध्यम र उपयुक्त विधिको अनलाइन प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिने व्यवस्था गरिनेछ ।

९.८.६ विपद् जोखिमले गर्दा विद्यालय स्थानान्तरण गर्नु पर्ने अवस्था भएमा सुरक्षित स्थानको पहिचान गरी स्वच्छ खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्था गरी सिकाइको लागि उपयुक्त वातावरण मिलाइनेछ ।

९.८.७ विद्यालयका सरोकारवालाहरुलाई परिचालन गरी विद्यालयको घेराबार, खेल मैदान, विद्यालय आउने जाने वाटो र विद्यालय वरपरको वातावरण पर्यावरणमैत्री, लैङ्गिकमैत्री एंव अपाङ्गतामैत्री बनाइनेछ ।

९.८.८ विद्यालयलाई सिसा मुक्त, प्लास्टिक मुक्त, पत्रु खानामुक्त बनाई स्वच्छ हराभरा पर्यावरणयुक्त विद्यालय घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

९.८.९ सम्पूर्ण सरोकारवालासागको सहयोगमा एक विद्यालय एक बगैचा कार्यक्रम सञ्चालन गरिनेछ।

९.८.१० हरित विद्यालयको अवधारणा अनुरुप एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
९.८.११ प्रत्येक विद्यालयको जोखिम् नक्साक्तनमा जोड दिइनेछ ।

झ) अभिभावक शिक्षा

रणनीति ९.९ समतामूलक, प्रविधिमैत्री र पहुचयोग्य शिक्षामा अभिभावकको अपनत्व वृद्धि गर्ने
९.९.१ विद्यालयप्रति अभिभावकको अपनत्व विकास गराउन नगर स्तरमा वार्षिकरुपमा र विद्यालय स्तरमा मासिकरुपमा अभिभावक अन्तरक्रिया सञ्चालन गरिनेछ।
९.९.२ विद्यालयमा अभिभावकको अर्थपूर्ण उपस्थिति बढाउनका लागि विद्यालय सहयोग तथा अनुगमन कार्यक्रम सञ्चालन गरिनेछ।
९.९.३ अभिभावकका लागि विद्यालयको सिकाइमा सहयोग तथा घरको प्रारम्भिक पढाइ र लेखाइमा सहयोग गर्ने सीप प्रदान गरिनेछ।
९.९.४ सिकाइमा कमजोर बालबालिकाका अभिभावकका लागि एक शिक्षक एक अभिभावक वैठक जस्ता कार्यक्रम सञ्चालनमा आवश्यक पहल गरिनेछ।

ट) शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन

रणनीति ९.१० शिक्षण सिकाइ प्रक्रियालाई समतामूलक र पहुचयोग्य बनाउन आवश्यक जनशक्ति व्यवस्थापन र शैक्षिक सुशासनमा जोड दिइनेछ।
९.१०.१ सम्पूर्ण विद्यालयमा योग्य, दक्ष र सक्षम विषयगत जनशक्तिको व्यवस्थापन गरिनेछ ।
९.१०.२ शिक्षक सक्षमताको प्रारुप २०७२, विद्यार्थीको सिकाइ उपलब्धि, कार्यमूलक अनुसन्धान, शैक्षिक सामग्री निर्माण र प्रयोग, नव प्रर्वतनात्मक कार्य, अतिरिक्त र सह क्रियाकलाप सञ्चालन, पेशागत जिम्मेवारी वहन जस्ता सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मुल्याक्तन गरिनेछ।
९.१०.३ वार्षिक कार्यसम्पादनको मुल्याक्तन तथा विद्यार्थीको नतिजाका आधारमा शिक्षकलाई प्रशंसा, पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।
९.१०.४ शिक्षकहरूको उत्प्रेरणा र सक्षमता अभिवृद्धि गर्न मागमा आधारित तालिम तथा आवश्यकता अनुसार अन्य कार्यक्रम सञ्चलान गरिनेछ ।
९.१०.५ पालिकामा शिक्षक विद्यार्थी संख्याको विश्लेषण गरी आवश्यकता आधारमा थप शिक्षकको व्यावस्थापन गर्न सकिनेछ।
९.१०.६ विद्यालयका व्यावस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्दै समावेशी विद्यालय सुधार योजना निर्माण, विद्यालयको शैक्षिक व्यवस्थापन, अनुगमन तथा सुपरिवेक्षणका लागि जिम्मेवार वनाइनेछ ।
९.१०.७ विदालाई अधिकारका रुपमा नलिइ सहुलियतका रुपमा प्र.अ. ले वि. व्य.स. बाट र शिक्षक कर्मचारीले प्र.अ. बाट विदा स्वीकृत गराई विदा उपयोग गर्ने व्यवस्था गरिनेछ।
९.१०.८ विभिन्न प्राज्ञिक कार्यका लागि विषय विज्ञहरूको सुची तयार पारी आवश्यकता अनुसार उपयोग गरिनेछ ।
९.१०.९ पालिका स्तरमा रिक्त रहने दरवन्दीहरूको विज्ञापनको अनुमति तथा परीक्षा सञ्चालन सम्बन्धित पालिकाको केन्द्रमा गरिनेछ।
९.१०.१० प्रत्येक ३ वर्षमा शिक्षकहरूको पालिका भित्र चक्रिय प्रणाली अन्तर्गत सरुवा गर्न सकिनेछ।
९.१०.११ विद्यालयमा शैक्षिक शुसासन कायम गर्न विद्यालयमा नागरिक वडापत्रको व्यावस्थापन गरी विद्यालयको अन्तिम लेखा परिक्षण गर्नुपूर्व पालिकाको आन्तरिक लेखा परिक्षकवाट रुजु गराउने व्यवस्था गरिनेछ ।
९.१०.१२ विद्यालयमा शिक्षक, विद्यार्थीहरुको अनुशासन कायम गर्न शिक्षक, विद्यार्थीको आचार संहिता





तयार गरी कार्यन्वयन गर्ने व्यवस्था गरिने छ ।
९.१०.१३ शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई आˆ नो पेशागत हकहितको संगठन वाहेक कुनै राजनितिक दलको कुनै पदमा आबद्ध भएको प्रमाणित भएमा शिक्षक / कर्मचारीहरूको पदबाट बरखास्त गर्न सकिने व्यवस्था गरिने छ । साथै विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने व्यवस्था मिलाइने छ ।
९.१०.१४ उत्कृष्ट नतिजा र अन्य मापदण्डका आधारमा उत्कृष्ट विद्यालयलाई नगरपालिकाद्वारा पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

ट) सूचना र प्रविधि

रणनीति ९.११ शिक्षण सिकाइ प्रक्रियालाई सूचना तथा प्रविधिमैत्री बनाउनुका साथसाथै आम सञ्चार माध्यमलाई पनि बैकल्पिक माध्यमको रुपमा विकास गर्ने।
९.११.१ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको सुधार र विस्तार गरी सूचना तथा प्रविधि लाई शिक्षा प्रणालीको अभिन्न अंग बनाइनेछ।
९.११.२ प्रारम्भिक कक्षा र तहदेखि नै ICT को माध्यमबाट शिक्षण सिकाइ सहजीकरण गर्नसक्ने दक्ष र सक्षम शिक्षकको व्यवस्थापनमा जोड दिइनेछ।
९.११.३ विद्यालय शिक्षामा अनलाइनमा आधारित सुरक्षित सामग्रीहरू प्रयोग गर्न अनुकूल वातावरण तयार गरिनेछ।
९.११.४ सबै विद्यालयमा समयानूकुल प्राथमिकताका आधारमा इन्टरनेट सहितको कम्प्युटर प्रयोगशाला, इ-लाइब्रेरी सञ्चालनका लागि वातावरण तयार गरिनेछ।

ठ) निजी विद्यालय व्यवस्थापन

रणनीति ९.१२ संस्थागत गुठी, निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूको नियमन र व्यवस्थापन गर्ने ।
९.१२.१ अनुमति नलिएका निजी विद्यालय बन्द गराउने वा प्रक्रिया मिलाई अनुमति दिने वा सरकारी विद्यालयमा मिलान गरिनेछ ।
९.१२.२ यसको नियमनका लागि जनप्रतिनिधिको अगुवाईमा शिक्षक, अभिभावक सहितको समिति बनाइने छ ।
९.१२.३ निजि विद्यालयको सम्बद्ध पक्षसाग संवाद गरी शुल्क निर्धारण र छात्रवृतिको लागि कम्तिमा १० प्रतिशत छुट्याउन लगाइनेछ ।
९.१२.४ गुठी, निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरुलाई अनिवार्य रुपमा IEMIS प्रणालीमा आवद्ध गरिनेछ।

ड ) पुर्ण साक्षर नगरपालिका

रणनीति ९.१३ चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई पूर्ण साक्षर बनाउनका लागि सरोकारवालाको पहुच र सहभागिता वृद्धि हुनेगरी सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने ।
९.१३.१ निरक्षर टोल बस्ती पहिचान गर्नका लागि आवश्यक सर्भे गरी फाराम तयार गरी सामुदायिक सिकाइ केन्द्र मार्फत तथ्याक्त सक्तलन गरिनेछ ।
९.१३.२ प्राप्त तथ्याक्त विश्लेषण गरी आवश्यक टोल क्षेत्रमा सघन साक्षरता कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।
९.१३.३ सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।
९.१३.४ नगरपालिका सेवा क्षेत्रभित्र क्रियाशिल रहेका आमा समुह, युवा क्लव, महिला स्वास्थ्य संयम सेविका, सहकारी संस्था, सामुदायिक वन उपभोक्ता समुह, विभिन्न उपभोक्ता समितिसाग समन्वय गरी

अनौपचारिक शिक्षा सञ्चालन गरिनेछ ।

९.१३.५ विद्यार्थीलाई प्रयोगात्मक अंक प्रदान गर्ने प्रयोजनका लागि हरेक विद्यार्थीले १ जना निरक्षर अभिभावक साक्षर बनाउनु पर्ने व्यवस्था मिलाइनेछ ।

**खण्ड – घ**

**१०. संस्थागत व्यवस्था**

स्थानीय शिक्षा नीति, २०८१ कार्यान्वयनका लागि आवश्यकता अनुसार संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ। सम्बन्धित सरोकारवाला नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, नगर बाल सञ्जाल, अभिभावक र समुदायलाई परिचालन गरिनेछ। यसका अतिरिक्त स्थानीय तहको सेवाक्षेत्रभित्र क्रियाशिल सरकारी एवं गैर सरकारी संघसंस्था, सहकारी, युवा क्लब, आमा समूह, विभिन्न उपभोक्ता समूहहरूलाई हातेमालो गर्दै परिचालन गरिनेछ।

**११. आर्थिक पक्ष**

स्थानीय शिक्षा नीतिका प्रावधान कार्यान्वयन गर्नका लागि सरकारी श्रोत प्रमुख हुने भएतापनि व्यक्ति, समुदाय र अभिभावकहरूलाई स्वेच्छिक रूपमा शिक्षाको विकासका लागि स्रोत व्यवस्थापन र वित्तीय योगदान गर्नसमेत प्रोत्साहित गरिनेछ । आवधिक शिक्षा क्षेत्र योजनामा यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गरिनेछ ।

**१२. कानूनी व्यवस्था**

नीति कार्यान्वयनको सन्दर्भमा कानून सबैभन्दा अगाडि आउछ । कानूननको अभावमा प्राय नीतिहरू कार्यान्वयनमा जान सक्दैनन्। नीति बनिसकेपछि त्यसलाई कार्यान्वयन गर्ने कानूनको अभाव भएमा संविधानको प्रतिकूल नहुने गरी ऐन, नियमावली तथा कार्यविधि बनाउनु पर्ने हुन्छ ।

स्थानीय शिक्षा नीति, २०८१ को प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछः

क) स्थानीय तहको क्षेत्राधिकार रहेका विषयको सञ्चालन, व्यवस्थापन र नियमनका लागि कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

ख) यो शिक्षा नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

ग) यो नगर शिक्षा नीति २०८१ र नगर शिक्षा ऐन २०७९, नगर शिक्षा नियमावली २०७९ को परिधिभित्र रहेर प्रत्येक शिक्षण संस्थालाई आ–आ` नो तहमा आचारसंहिता तयार गरी कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ।

**१३. जोखिम तथा जोखिम न्यूनीकरणनीति**

कार्यान्वयन गर्ने क्रममा विभिन्न खालका जोखिम आउन सक्दछन्। त्यस प्रकारका जोखिमहरू मानवीय गतिविधि, प्रविधि वा प्रकृतिसाग सम्बन्धित हुन्छन्। नीतिको कार्यान्वयन गर्ने क्रममा सिर्जना हुनसक्ने सम्भावित जोखिम र जोखिमको स्तरको आाकलन गरी त्यस्ता जोखिमको न्यूनीकरणका उपायहरूको प्रक्षेपणलाई यो खण्डमा समावेश गरिएको छ।

जोखिमहरु

- ◆ प्रदेश सरकारको नीति हालसम्म पनि नआइसकेकोले पछि सहकार्यमा आधारित केही कार्यहरु अबलम्बन गर्नु चुनौतीपूर्ण हुने देखिन्छ।
- ◆ नीति कार्यान्वयनमा शिक्षक तथा कर्मचारीहरू, प्रत्यक्ष र अप्रत्य सरोकारवालाहरूको पूर्ण सहयोग प्राप्त गर्न कठिनाइ हुने देखिन्छ।





- ◆ कतिपय अवस्थामा बजेट अभाव भै नीति कार्यान्वयनमा समस्या हुनसक्छ।
- ◆ संघीय तथा प्रदेश सरकार र नगरपालिका आफैबाट शिक्षा क्षेत्रमा निश्चित प्रतिशत बजेट लगानी गर्न नसके नीति कार्यान्वयनमा बाधा उत्पन्न हुनसक्छ।
- ◆ संस्थागत क्षमता विकास, योग्य र सक्षम जनशक्तिको व्यवस्था, सम्पूर्ण सरोकारवालाको सहभागिता र परिचालन जस्ता पक्षहरुको समयमै व्यवस्थापन गर्न कठिनाइ हुने देखिन्छ।

जोखिम न्यूनीकरण

- ◆ स्थानीय शिक्षा नीति कार्यान्वयनका क्रममा सहअस्थित्व, समन्वय र सहकार्यमा आधारित कार्य प्रणालीको अवलम्बन गरिनेछ।
- ◆ नीति कार्यान्वयनमा सहज वातावरण तयार गर्न सम्पूर्ण सरोकारवालासाग प्रयाप्त छलफल गरी उपयूक्त वातावरण बनाइनेछ।
- ◆ सम्पूर्ण सरोकारवालाको सक्रिय सहभागितामा योजना तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने कार्यमा जोड दिइनेछ।
- ◆ संस्थागत क्षमता विकास, योग्य र सक्षम जनशक्तिको व्यवस्था, सम्पूर्ण सरोकारवालाको सहभागिता र परिचालन जस्ता पक्षहरुको समयमै व्यवस्थापन गर्ने रणनीति अवलम्बन गरिनेछ।
- ◆ सम्भावित जोखिम र अवरोधहरू समयमै पहिचान गरी न्यूनीकरणका लागि विशेष ध्यान दिने रणनीति अपनाइनेछ।

**खण्ड – ङ**

**१४. अनुगमन तथा मूल्याङ्कन**

आवश्यक मापदण्ड तथा सूचकहरूको विकास गरी शिक्षा नीति कार्यान्वयनको स्थितिको आवधिक रुपमा नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

नीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि जिम्मेवार निकाय, संरचना र पदाधिकारीहरूको पहिचान गरी आवश्यकता अनुसार जिम्मेवारी प्रदान गरिनेछ ।


**१५. परिमार्जन तथा खारेजी**

नीति अपरिवर्तनीय हुादैन, नीति परिवर्तनशील र परिमार्जन गर्न सकिने हुन्छ, हुनुपर्दछ। नीति परिमार्जन अनुगमन, मूल्याङ्कन र समीक्षाका आधारमा गरिन्छ। त्यसर्थ, नीतिको अनुगमन र मूल्याङ्कनका क्रममा कुनै पनि नीति कार्यान्वयन, प्ररिणाम, प्रभाव तथा समय, स्रोत र सन्दर्भका हिसाबले अनावश्यक वा अनुपयुक्त देखिएमा प्रक्रियागत रुपमा नीतिमा आवश्यक परिमार्जन र संशोधन गरिनेछ। यदि परिमार्जन र संशोधनको आधारमा विषवस्तुको सम्बोधन हुने अवस्था नरहेमा यो शिक्षा नीति २०८१ निरन्तरताको अन्त्य वा नीति खारेजी गरिनेछ ।

अनुसूची– १ स्थानीय शिक्षा नीति मस्यौदा निर्माण समिति / नगर शिक्षा समिति

| | |
|---|---|
| क) श्री गणेश कुमार शाही | अध्यक्ष |
| ख) श्री भक्तकहादुर शाही | संयोजक |
| ग) श्री मनसरा कुमारी शर्मा | सदस्य |
| घ) श्री जोगी शाही | सदस्य |
| ङ) श्री पुरे कामी | सदस्य |
| च) श्री जय प्रसाद तिमेल्सेना | सदस्य |
| छ) श्री दीप बहादुर शाही | सदस्य |
| ज) श्री दुर्गा न्यौपाने | सदस्य |

झ) श्री शुशिला खनाल सदस्य
ञ) श्री थानेश्वर जैशी सदस्य
ट) श्री मीना शाही सदस्य
ठ) श्री दिलिप कुमार सोनी सदस्य सचिव



आज्ञाले
भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत